# संघीय संसद
# प्रतिनिधि सभा, २०७९
## तेस्रो अधिवेशन
## बैठक संख्या - ७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल फागुन १४ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका प्रतिपक्ष दलका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले क्रमशः माननीय श्री गोकुल प्रसाद बाँस्कोटा, माननीय श्री राजेन्द्र प्रसाद लिङदेन, माननीय श्री रवि लामिछानेलाई समय दिनुहुँदा उहाँहरुले गत फागुन ६ गतेदेखिको बैठकमा प्रमुख प्रतिपक्ष र प्रतिपक्ष दलका साथै अन्य माननीय सदस्यहरुले बारम्बार बालकुमारी घटना लगायत अन्य विषयमा प्रश्न उठाइरहेको र सम्माननीय सभामुखबाट सो विषयमा सदनलाई जानकारी गराउन निर्देश हुँदासमेत सरकारले कुनै सम्बोधन नगरेको, मिटरब्याज पीडित, लघुवित्त ऋण पीडित र दुग्ध उत्पादक कृषकहरुको समस्या सरकारले समयमै सम्बोधन गर्नुपर्ने, सरकारका मन्त्रीहरुलाई लागेका गम्भिर आरोपहरुका सन्दर्भमा सदनमा तत्काल जवाफ दिनुपर्ने, सदनमा उठेका विषयहरुका सम्बन्धमा बैठकमा सरकारले ठोस सम्बोधन गर्नुपर्ने लगायतका विषयमा भनाई राखिसकेपछि आ-आफ्नो स्थान अगाडि उभिएर विरोध जनाइरहनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन बमोजिम विनियोजन विधेयक प्रस्तुत गर्नुभन्दा तीन महिना अगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका प्रस्तुत गर्नुपर्ने बाध्यकारी व्यवस्था बमोजिमको अन्तिम समय सीमा आज भएको जानकारी गराउनु हुँदै आशन ग्रहण गरी आजको कार्यसूची अनुसार बैठक सञ्चालन गर्न सहयोग गरिदिनुहुन माननीय सदस्यहरुलाई पटक पटक अनुरोध गर्नुहुँदा समेत माननीय सदस्यहरुले होहल्ला र विभिन्न नाराबाजी गर्न थाल्नुभएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटपछि बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आजै १५ मिनेटपछि बस्नेगरी दिनको ११:३५ बजे स्थगित भयो ।

आजै १५ मिनेटपछि बस्ने गरी स्थगित भएको प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सभाको बैठकमा नियमिति रुपमा उठेको विषयमा आफ्नो गम्भिर ध्यानाकर्षण भएको भन्नुहुँदै माननीय सदस्यहरुले सभामा उठाउनु भएको विषयमा सभाको आगामी बैठकमा जवाफ दिन नेपाल सरकारलाई निर्देश गर्नुभयो । साथै आजको बैठकमा आकस्मिक समय नरहेको जानकारी गराउँदै आजको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा समेत माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० श्री अनिशा नेपाली
२. मा० श्री अब्दुल खांन
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृतलाल राजवंशी
७. मा० श्री अमृता देवी अग्रहरी
८. मा० श्री अर्जुन नरसिंह के.सीं
९. मा० श्री अशोक कुमार चौधरी
१०. मा० श्री अस्मा कुमारी चौधरी
११. मा० श्री असिम शाह
१२. मा० डा० आरजु राणा
१३. मा० श्री ईश्वर बहादर रिजाल
१४. मा० श्री ईश्वरी घर्ती
१५. मा० श्री इश्वरी देवी न्यौपाने
१६. मा० श्री उदय शंशेर ज.ब.रा
१७. मा० श्री उर्मिला थेबे
१८. मा० श्री उर्मिला माझी
१९. मा० श्री ऋषिकेश पोखरेल
२०. मा० श्री एकनाथ ढकाल

२१. मा० श्री कल्पना चौधरी
२२. मा० श्री कान्तिका सेजुवाल
२३. मा० श्री कालुराम राई
२४. मा० श्री किरण कुमार साह
२५. मा० श्री कुसुम देवी थापा
२६. मा० श्री गगन कुमार थापा
२७. मा० श्री गणेश पराजुली
२८. मा० श्री गोमा लाभ (सापकोटा)
२९. मा० श्री गंगा प्रसाद यादव
३०. मा० श्री गंगा राम चौधरी
३१. मा० श्री चन्दा कार्की (भण्डारी)
३२. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
३४. मा० श्री छिलिङ ल्हामु लामा (तामाङ)
३५. मा० श्री जिवन परियार

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयोः-

(क) माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो **Nairobi, Kenya** मा आयोजना हुने **United Nations Environment Assembly (UNEA-6)** कार्यक्रममा सहभागी हुन संवत् २०८० साल फागुन १२ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मिति : २०८०/११/११ मुख्य सचिव

(ख) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल संयुक्त अरब इमिरेट्सको आबुधावीमा सञ्चालन हुने विश्व व्यापार संगठनको तेह्रौं सम्मेलनमा सहभागी हुन संवत् २०८० साल फागुन ११ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मिति : २०८०/११/१३ मुख्य सचिव

त्यसपछि महासचिव श्री पद्म प्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "विधायन सम्बन्धी विधेयक, २०८०" को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले "आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको लागि यही २०८० साल फागुन २१, २२, २३, ३० र चैत १, २ र ४ गतेका दिनहरु तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन सम्बन्धित संसदीय दलका पदाधिकारीहरुले आ-आफना दलका वक्ता माननीय सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो । साथै आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल प्रारम्भ भएपछि माननीय सदस्यहरुबाट उठाइएका विषयहरुको टिपोटको लागि अर्थ मन्त्रालय र संघीय संसद सचिवालयलाई समेत निर्देश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल फागुन १८ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको २:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव